७. **महिला तथा बालबालिका, मेरो आवाज, मेरो अधिकार अभियान :** यस क्षेत्रमा महिला सशक्तिरणको लागि :

- स्थानीय तहको समन्वयमा महिलाको परम्परागत सिप मेला सचालन गरी महिला समुहको जमानीमा महिलालाई **२ प्रतिशत ब्याजमा 'महिला उद्यम कर्जा'**को व्यवस्था गरी **लखपति आमा** उद्यमी अभियान सञ्चालन गर्नेछौं ।
- **'दाइजो, घरेलु हिंसा र बालविवाह विरूद्ध** समुदायको सहकार्यमा अभियान चलाउँदै कानुनी सहायता र सुरक्षित आश्रयको व्यवस्था गर्नेछौं ।
- **आमा र वच्चाको पोषण विशेष अभियान** सञ्चालन गर्नेछौं ।

८. **दलित अधिकार, समता र न्याय अभियान :** मुसहर, चमार, डोम, पासवान, खत्वे लगायतका दलित समुदायहरूमा भएको असमानताको अन्त्य गरी दलित समुदायको उत्थानका लागि :

- संरचनात्मक विभेदको पिंधमा रहेका मधेसी दलित महिलाको उत्थान र विकासका लागि थप विशेष कार्यक्रम ल्याउनेछौं ।
- पुर्ख्यौली सीप (बाँसका सामग्री, फलामका औजार, हस्तकला आदि) लाई संरक्षण गर्दै आधुनिक प्रविधिसँग जोड्न र व्यबसायिक बनाउन **बिनाधितो सहुलियत ऋण उपलब्ध,र तालिमको व्यवस्था** गर्नेछौं ।
- दलित समुदायका विद्यार्थीका लागि पूर्व प्राथमिक, प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म **छात्रवृति सहित नि:शुल्क शिक्षाको व्यवस्था** गर्न मेरो पहलकदमी रहनेछ ।
- **भूमिहीन दलितलाई भूमि र आवासको व्यवस्था**, नागरिकता सहजीकरण, शिक्षा र रोजगारी अवसरमा काम गर्नेछौं । बोक्सी आरोप तथा सामाजिक बिभेदमा शुन्य शहनशीलता र सामाजिक समानतामा काम गर्नेछौं ।

९. **मेरो संस्कृति मेरो पहिचान अभियान :** मैथिली-बज्जिकाको माधुर्य, छठ र ईदको साझा संस्कृति, गाउँका मौलिक भाकादेखि पुर्खाको गौरवसम्म, यो विविधता नै यस क्षेत्रको सुन्दरता हो । यसको संरक्षणको लागि :

- निसाद, माझी लगायतका अल्पसंख्यको **परम्परागत पेशा र सिपको संरक्षण** गर्नेछौं ।
- यस क्षेत्रको मौलिक लोकसंस्कृति, लोककथा र ऐतिहासिक गाथाहरूलाई संस्थागत रूपमा संरक्षण र संवर्द्धन गर्न एक **'सांस्कृतिक केन्द्र'** निर्माण गर्नेछौं ।
- मिथिला कला र हस्तकलामा पोख्त हाम्रा **आमा-दिदीबहिनीहरूको सीपलाई प्रमाणिकरण र बजारीकरण** गरी व्यावसायिक रूपान्तरण गर्नेछौं ।
- ऐतिहासिक मन्दिर, पौराणिक पोखरी र धर्मशालाहरूलाई संरक्षण एवं संवर्द्धन गरी धार्मिक तथा **सांस्कृतिक पर्यटन**को रूपमा विकास गर्न काम गर्नेछौं ।
- स्थानीय चाड पर्व, बिभिन्न समुदायको भाषा, कला ,साहित्य, मठ मन्दिर, मस्जिद मदरसा, गुम्बा प्रवर्दधन तथा संरक्षणको लागि विशेष अभियान सञ्चालन गर्नेछौं ।
- परम्परागत मेलाहरूलाई व्यवस्थित बनाउन र **स्थानीय क्लबहरूलाई प्रोत्साहित** गर्नेछौं ।

## जनता दलान- सांसदको कार्यालय

तपाईंहरूका समस्या सुन्न र समाधान गर्न म यस क्षेत्रमा व्यवस्थित सांसदको कार्यालय 'जनता दलान' स्थापना गर्नेछु । यो कार्यालय तपाईंका गुनासा, समस्या र सुझावहरू संकलन गरी तिनको ठोस समाधान र निकास निकाल्न केन्द्रित रहनेछ । यहाँ म र मेरो सहयोगी टीम तपाईंका समस्याहरू सम्बोधन गर्न हरदम उपलब्ध रहनेछौं । म तपाईँहरूको सेवक बनेर निरन्तर साथमा रहनेछु ।

म र तपाईंको बीचमा कोही पनि तेस्रो व्यक्ति वा निकाय हुने छैन । आफ्ना कुरा राख्न तपाईंले कुनै पात्र वा माध्यम कुरिरहनु पर्दैन; म तपाईंहरूसँग प्रत्यक्ष संवादका लागि सधैं उपलब्ध रहनेछु ।

## काठमाडौंमा स्याटेलाइट कार्यालय

काठमाडौंमा रहँदा तपाईंहरूले भोग्नुपर्ने सास्ती र अन्योल अन्त्य गर्न म 'स्याटेलाइट जनता दलान सञ्चालन गर्छु । मेरो सहयोगी टिमबाट तपाईंहरूलाई काठमाडौंमा रहँदा भोग्नु पर्ने समस्यामा प्रत्यक्ष सहयोग र सहजीकरण हुनेछ ।


म तपाईंकै बीचमा, यही माटोको तपाईंकै आत्मीय मान्छे भएर उभिई रहन्छु । तपाईंको जनप्रतिनिधि भएर नेपालको समुन्नतिको यात्रालाई अगाडि लैजान चाहान्छु । मलाई तपाईंको विश्वास, न्यानो स्नेह र आशीर्वादको खाँचो छ । तपाईंको अमूल्य मतले मेरो सेवा गर्ने संकल्पलाई नयाँ उँचाइ दिनेछ । जय नेपाल !

तपाईंको उम्मेदवार
गगन कुमार थापा

सुशासन र समुन्नतिका लागि

**रूख चिह्नमा मतदान गरौं !**
**नेपाली कांग्रेसलाई जिताऔं !!**

सुशासन र समुन्नतिका लागि



# सर्लाही क्षेत्र नं. ४ का लागि
# मेरो प्रतिज्ञा, मेरो अभियान

*आदरणीय आमा-बुबा, दिदी-बहिनी तथा दाजु-भाइहरू*

***प्रणाम !***

**म गगन थापा**, तपाईंको घर-आँगनमा नेपाली कांग्रेस पार्टीका तर्फबाट सांसदको उम्मेदवारको रूपमा उपस्थित छु। यस क्षणमा मैले ती तमाम ज्ञात-अज्ञात महान् शहीदहरूलाई सम्झिरहेको छु, जसले २००७ सालको क्रान्तिदेखि मधेश आन्दोलन हुँदै २०८२ साल सम्मका हरेक आन्दोलनमा नागरिक स्वतन्त्रता, लोकतन्त्र, पहिचान र अधिकारका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुभयो। उहाँहरूप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। नेपालको लोकतान्त्रिक चेतनाको पहिलो झिल्को, परिवर्तनका हरेक आन्दोलनको वास्तविक आधारभूमि र संघीयताको जग यही मधेशको पवित्र माटोमा कोरिएको हो भन्न पाउँदा मलाई गर्व लाग्छ।

मधेशको यो उर्वर भूमि, सर्लाही क्षेत्र नं. ४ को माटोमा उभिइरहँदा म श्रद्धा, गौरव र जिम्मेवारी महशुस गरिरहेको छु। म तपाईंहरूसँग एकाकार भई एउटा गहिरो भावनात्मक सम्बन्ध स्थापित गर्न, मधेशलाई सुन्न, बुझ्न र आत्मसात गर्न, मधेशका मुद्दा र समस्यालाई राष्ट्रिय मुद्दा र प्राथमिकता बनाउन आएको हुँ।

तपाईंको प्रतिनिधि बन्ने संकल्प लिएर सर्लाही आउनु केही अघि म 'हुलाकी राजमार्ग संवादका क्रममा यहाँका गाउँबस्तीहरूमा पुगेको थिएँ। यो माटोमा पाइला टेक्दा मैले यसभित्र लुकेका अनेकन् कथा र व्यथाहरू भेटेँ, सम्भावनाका किरणहरू देखेँ। देशकै सबैभन्दा पुरानो सडक तर राज्यको चरम बेवास्तामा परेको, जोखिमयुक्त र अलपत्र पुलहरू, अनि त्यो सडक आसपास सम्भावनाको खोजीमा वर्षौंदेखि कष्टपूर्ण जीवन बिताइरहेका नागरिकहरूसँग संवाद गरें।

मैले माझी, निसाद, मुसहर, मुस्लिम, सहानी, कुशवाहा, यादव तथा अन्य तमाम मेहनती समुदायका दाजुभाइ, दिदीबहिनीहरूले दिनहुँ भोग्ने कठोर संघर्षलाई नजिकबाट देखेँ। त्यसैले म मधेशलाई केवल बाहिरबाट हेर्ने होइन, यसलाई गहिराइबाट बुझ्न र यहाँका दशकौंदेखिका समस्याहरूको स्थायी समाधान खोज्ने प्रण गरेर आएको हुँ।

राष्ट्रिय राजनीतिका विविध विषय र मधेशका समग्र मुद्दाका बारेमा हामीले पार्टीको तर्फबाट छुट्टै प्रतिज्ञापत्रमा उल्लेख गरेका छौं। यस सर्लाही क्षेत्र नं. ४ का विषयमा पनि मैले क्षेत्रगत विज्ञ टोली बनाएर तपाईंको नगर, गाउँ, ५१ वटै वडा बस्ती र देहातमा पुगेर प्रत्यक्ष संवाद, अन्तर्क्रिया र परामर्श गरी यहाँका समस्या र सम्भावनाहरूलाई नजिकबाट अध्ययन गरिरहेको छु। तपाईंका प्रत्येक समस्या टिपेको छु र तिनको समाधान खोजेरै छाड्नेछु।

## पूर्वाधारका प्राथमिकता

तपाईंको घर आँगनमा आउने क्रममा धेरैले पूर्वाधारको विषय उठाउनु भएको छ। कतै वर्षौंदेखि अलपत्र पुल छ, कतै डुबान समस्या छ त कतै बाँधको मर्मत अपरिहार्य छ। कतै नहर र सडक, कहीं ढल निकास र खानेपानीको समस्या छ। कतै सिँचाइको असुविधा छ र त्यसका लागि बिजुली पनि चाहिएको छ भने कुनै ठाउँमा कृषि भण्डारण, कृषि औजार र पूर्वाधारको आवश्यक छ। बाटोदेखि बाँधसम्म थुप्रै पूर्वाधार निर्माण र मर्मत गर्नुपर्ने छ। यी कामहरू कुनै संघ सरकारसँग सम्बन्धित छन्, कुनै प्रदेशसँग। यी जुन जुन तहका सरकारसँग सम्बन्धित छन्, ती सरकारहरूसँग समन्वय गरेर म पूर्वाधारको समस्याको हल गर्नेछु। यो मेरो प्रतिज्ञा हो।

यसका साथै विभिन्न समुदायमा पुग्दा स्वास्थ्य, शिक्षा, पोषणका साथै महिला, बालबालिकाका समस्या र विपन्न समुदायको उत्थानका लागि सुझाव दिनुभएको छ। कृषि उपजको मूल्य र मलको समस्या सधैं किसानका लागि सकस बनेको छ। यी लगायत सबै स्थानीय तहका ५१ वटै वडामा तपाईंहरूले भोगेका हरेक समस्याबारे सूची बनाएको छु। ती प्रत्येक विषयमा परिणाम देखिने गरी काम गर्न दृढ संकल्पित छु।

यसका अतिरिक्त मैले यस क्षेत्रमा केही विशेष अभियान सञ्चालन गर्छु। जसको संक्षेपमा यहाँ चर्चा गरेको छु।

## मेरा अभियान

१. **गुणस्तरीय शिक्षा- कापी कलम अभियान :** यस क्षेत्रमा बालबालिकाको पढाइको गुणस्तर बढाउदै यहाँको शिक्षामा सुधार गरेर हाम्रा बालबच्चालाई योग्य बनाउनको लागि :

- गणित, विज्ञान र अंग्रेजीको शिक्षकको उपलब्ध गराउन र विद्यालयलाई प्रविधिमैत्री बनाउन **STEAM' अभियान** सञ्चालन गर्नेछौं।
- विद्यालयमा पुग्न नसक्ने अवस्था अन्त्य गर्न विपन्न, दलित, मुस्लिम समुदायका **विद्यार्थीलाई छात्रवृत्ति अभियान** चलाउनेछौं।
- सबैका लागि शिक्षा र सिकाई सहज बनाउन **मातृभाषामा शिक्षा**को व्यवस्था गर्नेछौं।
- उच्च शिक्षाका लागि सुविधायुक्त **क्याम्पस र CTEVT** बाट मान्यता प्राप्त **प्राविधिक विद्यालय स्थापना** गर्नेछौं।
- छोरीहरूको पढाइ र पढाइसँगै कमाइ सुनिश्चित गर्न **'सबल छोरी अभियान'** सञ्चालन गर्नेछौं।

२. **सुलभ स्वास्थ्य- स्वस्थ नागरिक अभियान :** यहाँका स्वास्थ्य संस्थाहरू मार्फत घर नजिकै सहज रूपमा गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि :

- यस क्षेत्रका स्वास्थ्य संस्थामा **पर्याप्त जनशक्ति र पूर्वाधार**को व्यवस्थाका गर्नेछौं।
- घर नजिकै औषधि, परिक्षण, परामर्श र उपचार सहितको स्वास्थ्य सेवाका लागि **प्रत्येक स्थानीय तहमा चिकित्सकसहितको कम्तिमा एउटा 'स्वास्थ्य प्रवर्द्धन केन्द्र'** स्थापना गर्नेछौं।
- स्थानीय तहको सहकार्यमा स्वास्थ्य सचेतना, परीक्षण, परामर्श र उपचार तथा औषधी पाउने गरी **सर्पदंश र कालाजारको निःशुल्क** उपचारको व्यवस्था गर्नेछौं।
- **'म स्वस्थ मेरो परिवार स्वस्थ अभियान'** र कुपोषणको न्यूनिकरण तथा सन्तुलित र पोषणयुक्त आहारको उपभोगको लागि विशेष कार्यक्रम सञ्चालन गर्नेछौं।
- अस्पताल पुग्न नसक्ने ज्येष्ठ नागरिक, दीर्घ रोग भएका बिरामीका लागि घर आगनमै विशेषज्ञ डाक्टर पुग्ने गरी **'मोबाइल क्लिनिक'** र **घरमै स्वास्थ्य अभियान** सञ्चालन गर्नेछौं।
- लागुऔषध र कुलत विरुद्ध शून्य सहनशीलताको नीति लिँदै गाउँ-गाउँमा सचेतना अभियान र सिर्जनात्मक केन्द्रहरू सञ्चालन गर्नेछौं। कुलतमा फसेका युवाहरूका लागि **पुनर्स्थापना केन्द्र** स्थापना गर्नेछौं।
- आधुनिक उपकरण र विशेषज्ञसहित मधेश **मृगौला उपचार केन्द्र** स्थापना गर्नेछौं।

३. **कृषि उत्थान, किसान गौरव अभियान :** जीवनको मुख्य आधार कृषि रहेको यस क्षेत्रका किसानलाई बीउ, मल र मूल्य समयमा सुनिश्चित गर्न र ऋणको बोझमा थिचिनुपर्ने व्यथाको अन्त्यका लागि :

- उखु बक्यौता भुक्तानी, नजिकै समयमै बिउको सहज उपलब्धता, शित भण्डार, सिँचाइ विस्तार र **न्यूनतम समर्थन मूल्यको ग्यारेन्टी** गर्नेछौं।
- कृषि र परियोजनामा आधारित उद्यमलाई **विनाधितो ऋणको व्यवस्था** गर्दै **कृषि उत्थान किसान गौरव अभियान** सञ्चालन गर्नेछौं। मत्स्य पालन, आँप लगायतको फलफूल तथा आलु, बन्दा, काउली, गोलभेडा लगायतका तरकारी खेतीको सर्म्वधन तथा मूल्य र बजारसँग जोड्नेछौं।
- **आपतकालीन मल भण्डार :** सिजन सुरु हुनुअगावै **'मौसमी मल पात्रो'** सार्वजनिक गरी वडा तहबाटै वितरण, भन्सार बिन्दुदेखि किसानको हातसम्म डिजिटल ट्र्याकिङ र सर्लाहीमा **'आपतकालीन मल भण्डार'** स्थापना गरेर मलको सहज उपलब्धताको ग्यारेन्टी गर्नेछौं।
- **मल कारखाना**लाई मधेशमा स्थापना गर्न पहल गर्नेछु।

४. **प्राकृतिक स्रोत र विपद् व्यवस्थापन-संरक्षण अभियान :** यस क्षेत्रको तल्लो तटीय क्षेत्र बाढी र डुबानको जोखिम कम गर्न, बागमती र मनुस्मरा नदीको कटानलाई रोकी नागरिकको जीवन सुरक्षित गर्नको लागि :

- बागमती नदीको कटान रोक्न **पक्की तटबन्ध निर्माण**, जीर्ण अवस्थामा रहेको **मनुस्मरा नहर**को बाँध मर्मत गर्नेछौं।
- खोलाका दुवै किनारामा बाँस रोपेर कटान रोक्ने र बाँसको उत्पादन बढाई **किसानको आयआर्जन वृद्धि** गर्नेछौं।
- तटबन्ध, अर्ली वार्निङ सिस्टम, वृक्षारोपण र पानी संरक्षण कार्यक्रम सञ्चालन गरी दीर्घकालीन समाधानमा काम गर्नेछौं। कृषि वन प्रोत्साहन गर्नेछौं। चुरे दोहन रोक्न र संरक्षण गर्न **'चुरे संरक्षण, जल संकट निवारण** विशेष अभियान सञ्चालन गर्नेछौं।

५. **'मिसन रोजगारी अभियान :** रोजगारी, अवसर र सीपको अभावले विदेश जानपर्ने बाध्यतालाई कम गर्न, सीप र बजारबीचको खाडल, पुँजीको अभाव अन्त्य गर्दै युवालाई उद्यमी र स्वरोजगार बनाउनका लागि :

- श्रम बजार सर्वेक्षण मार्फत विभिन्न क्षेत्रका सिप आवश्यकताहरूको पहिचान त्यसका आधारमा **एकीकृत सिप विकास मेला सञ्चालन**, रोजगार सूचना केन्द्र स्थापना र **बजारको माग अनुसारको तालिम र सीप प्रदान** गर्ने व्यवस्था गर्नेछौं।
- व्यावसायिक कृषि लगायत आफ्नै व्यवसाय सुरु गर्न चाहने महिला, दलित र युवालाई **बिना धितो न्युन ब्याजदरमा कर्जा** र व्यवसाय विकासमा सहजीकरण **'मेन्टरसिप' कार्यक्रम** गर्नेछौं।
- वैदेशिक रोजगारमा जानु अघि सिपयुक्त र सुरक्षित बनाउन सहायता डेस्कमार्फत **निःशुल्क परामर्श** र कानुनी सहयोग, भाषा तथा सीप तालिम, **ऋण सहयता** र प्रक्रियागत सहजीकरण गर्नेछौं।
- रोजगारीका क्रममा विदेशमा रहेका युवाहरूको समस्या समाधानका लागि **जनता दलान (सांसदको कार्यालय)** मार्फत आवश्यक सहयोग प्रदान गर्नेछौं।
- विदेशबाट फर्केका युवालाई पुनर्स्थापना, लगानी र व्यवसायमा जोडेर **अनुभवबाट उद्यम र पुँजीबाट मालिक** बनाउदै कोही पनि युवा खाली नराख्न **श्रमिक सिप र उद्यम अभियान** चलाउनेछौं।

६. **"दशगजा उज्यालो अभियान"** करिब ३० किलोमिटर भूभाग भारतीय सीमासँग जोडिएको यस क्षेत्रमा सीमा क्षेत्रका नागरिकको सुरक्षा र सम्मानका लागि;

- सुरक्षा र सौन्दर्यका लागि सीमा नाकाहरू र मुख्य पदमार्गहरूमा अत्याधुनिक **'हाइ-माष्ट सौर्य बत्ती'** जडान गरी **'दशगजा उज्यालो अभियान'** चलाउनेछौं।
- राजस्व तथा सुरक्षा दुवै प्रभावकारी बनाउन **छोटी भन्सारहरू**लाई व्यवस्थित र आधुनिक बनाउनेछौं।
- सीमावर्ती बस्तीहरूमा सडक, बिजुली र सिँचाइका विशेष योजनाहरूलाई **'सीमा गाउँ विकास प्याकेज'** मार्फत प्राथमिकताका साथ कार्यान्वयन गर्नेछौं।
- सिमाक्षेत्रका नागरिकले सहज रूपमा **धितो राखेर ऋण प्राप्त गर्ने वातावरण** बनाउनेछौं।